# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## अदुवा/बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०६/२५**

माण्डवी गाउँपालिकाको चालु आ.ब. २०७८/०७९ को संघीय सरकारबाट सशर्त अनुदान तर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस गाउँपालिकामा **"अदुवा/बेसारको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम "** सञ्चालन गर्नु पर्ने भएकाले ईच्छुक कृषक/कृषक समूह/सहकारी/ टोल विकास संस्था/जल/बन उपभोक्ता समिति/कृषि फर्म हरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले ३०दिन (मिति २०७८/०७/२३) भित्र कार्यालय खुल्ने समय भित्र माण्डवी गाउँपालिका कृषि शाखा देवीस्थानमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**तपशिलः**

| क्र.सं. | बालि बस्तु | इकाई | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | अदुवा/बेसार | पकेट | १२ लाख | यस अघि संघीय र प्रदेश अन्तर्गतका अनुदानमा समावेश नभएका लक्षित क्षेत्र अन्तर्गतका कृषक/कृषक समूह/सहकारी/टोल विकास संस्था/जल/बन उपभोक्ता समिति/कृषि फर्महरु र ७ हेक्टर (१४० रोपनी) जग्गा भएको एउटै क्षेत्र/टोल पर्ने स्थानका समूह/समिति लाई बिशेष प्राथमिकता दिईनेछ । |

**संचालन गर्ने क्रियाकलापः** बिउ वितरण, स्थलगत तालिम, बाली संरक्षण सेवा, बिउ उपचार, साना कृषि औजार वितरण

**आवश्यक कागजातः**

१. निवेदन

२. सम्बन्धित निकायमा कृषि पशुपालन समूह/समिति/संस्था/सहकारी/टोल विकास संस्था/जल/बन उपभोक्ता समिति/फर्म दर्ता तथा नवीकरण भएको प्रमाण-पत्र को प्रतिलिपि (सहकारी संस्थाको हकमा कर चुक्ता प्रमाण-पत्र, स्थायी लेखा नं. को प्रतिलिपि)

३. प्रस्तावित कार्यक्रम बारे बैठकको निर्णय प्रतिलिपि

४.कम्पनि/समूह/सहकारीको हकमा प्रस्ताव पेश गर्न अख्तियार प्राप्त जिम्मेवार व्यक्तिको निर्णय प्रतिलिपि तथा जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि

५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

६.कार्यक्रममा सहभागी हुने लाभग्राहिको विवरण(नेपाली नागरिकताको प्रतिलिपि र लालपुर्जाको प्रतिलिपि सहित)

७. जग्गा भाडामा भए कम्तीमा ५ वर्षको करार सम्झौता हुनुपर्ने ।

८.नोटः थप जानकारीको लागि माण्डवी गाउँपालिका कृषि विकास शाखा देवीस्थान प्यूठानमा सम्पर्क गर्नुहुन । (९८४४२६९४५६, ९८५७८३६००६)

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत